□ कृषिविकासरभौतिकपुर्वाधारकोलहर, रतुवामाईनगरपालिकालाईसमृद्धबनाउनेहाम्रोरहर"

# रतुवामाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

**सिजुवा, मोरङ**
**कोशीप्रदेश, नेपाल**

रतुवामाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय

## सुचना प्रकाशनको लागी राष्ट्रिय स्तरमा शिलबन्दी दरभाउपत्र आह्वान गरिएको सूचना ।

**Rmun/SQ/Service/01/081/82**

(दोस्रो पटक प्रकाशित मिति : २०८१/०४/२७)

१। यस कार्यालयबाट आ.व २०८१/०८२ मा प्रकाशन हुने सार्वजनिक खरिद तथा दरभाउपत्र आह्वान गर्दा प्रकाशन गर्नुपर्ने तथा अन्य विभिन्न सूचनाहरु न्युनतम दररेटमा क बर्गको राष्ट्रिय स्तरको दैनिक पत्रिका (देशभर पुग्ने) मा प्रकाशन गर्नुपर्ने भएकाले उक्त कार्य शिलबन्दी दरभाउपत्र द्वारा गर्नुपर्ने भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले १५ दिन (२०८१/०५/०९ गते) भित्र (कार्यालय समय सम्म) दरभाउपत्र फारम दस्तुर रु १००० (एक हजार रुपैया मात्र) नेपाल इन्भेस्टमेन्ट मेगा बैंक सिजुवा स्थित शाखामा रहेको आन्तरिक राजश्व खातामा कनेक्ट आई.पी.एस मार्फत वा Local Level Revenue Portalमा User id CreateगरीGa 1.1 RatuwamaiNa.PaAantarikRajashoKhataनं :०९७०१४००००००९३ मा जम्मा गरी वा यस कार्यालयको राजश्व शाखामा रसिद काटेर शिलबन्दी दरभाउपत्र खरिद बापतको दस्तुर जम्मा गरि चालु आ.वको लागि नवीकरण गरिएको फर्म दर्ता प्रमाणपत्र, आयकर तथा मु.अ कर दर्ता प्रमाणपत्र, आ.व २०७९/०८० को कर चुक्ता प्रमाणपत्र समेतको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपि संलग्न राखी दरभाउपत्र फारम खरिद गर्न इच्छुक फर्म , कम्पनि तथा विज्ञापन एजेन्सीहरुलाई यो सूचना प्रकाशित गरिएको छ । दरभाउपत्र फारम यस रतुवामाई नगरकार्यपालिकाको कार्यालय, सिजुवा, मोरंगमा रु १० को टिकट टाँस गरिएको निवेदन र दरभाउपत्र खरिद गरेको बैंक भौचर पेश गरी खरिद गर्न सकिनेछ ।

२। (One Door System) मार्फत काठमाण्डौबाट प्रकाशित हुने गोरखापत्र, नागरिक, राजधानी, अन्नपुर्ण, मध्यान्ह, अभियान, कान्तिपुर, नयाँपत्रिका लगायत अन्य राष्ट्रिय दैनिक पत्रिकाको भित्रि पृष्ठ सादामा प्रकाशन हुने सूचनाको न्युनतम दररेटमा प्रकाशित गर्न इच्छुक फर्म कम्पनि तथा विज्ञापन एजेन्सीहरुका लागि यो सूचना प्रकाशित गरिएको छ ।

३। दरभाउपत्र फारममा उल्लेखित राष्ट्रिय दैनिकको भित्रि पृष्ठमा प्रकाशित हुने सूचना प्रति सी.सी न्युनतम दररेटमा प्रकाशित गर्न इच्छुक फर्म, कम्पनि तथा विज्ञापन एजेन्सीको दरभाउपत्र स्वीकृत गरिने छ । बुँदा नं २ मा उल्लेखित प्रत्येक राष्ट्रिय पत्रिकामा सूचना प्रकाशन गर्दा लाग्ने प्रति सी.सी रकम भिन्दा भिन्दै उल्लेख गरि शिलबन्दी फारम दर्ता गर्नुपर्ने छ ।

४। शिलबन्दी दरभाउपत्र पेश गर्दा कार्यालयको अधिकार प्राप्त अधिकारीको सहि छाप नभएको, एउटाको नाममा खरिद गरि अर्काको फर्ममा दर्ता गरेको र कुनै पनि शर्त राखी पेश गरेको दरभाउपत्र मान्य हुनेछैन ।

५। मिति २०८१/०५/११ गते दिनको १२ :०० बजे भित्र आफैंले खरिद गरेको दरभाउपत्र रितपूर्वक भरी शिलबन्दी गरी यस कार्यालयमा गराइसक्नुपर्नेछ । दर्ता भएका शिलबन्दी दरभाउपत्रहरु सोहि दिनको १:०० बजे दरभाउपत्रदाता तथा निजको अधिकारप्राप्त प्रतिनिधिको रोहबरमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्रदाता तथा निजको अधिकारप्राप्त प्रतिनिधिको उक्त समयमा उपस्थित नभएपनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन । शिलबन्दी दरभाउपत्र बिक्रि गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।

६। दरभाउपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७। सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन सहित) को नियम ४० (ङ) अनुसार दरभाउपत्रदाताले खरिद कार्यमा अयोग्य नभएको र व्यावसाय सम्बन्धि कसुरमा सजाय नपाएको भनि लिखित घोषणा भएको कागजात दरभाउपत्र साथ् पेश गर्नुपर्ने छ ।

८। एक आपसमा मिलेमतो गरी दरभाउपत्र दाखिला गरेको पाईएमा त्यस्तो दरभाउपत्र स्वीकृत गरिनेछैन ।

९। दरभाउपत्रको प्रत्येक पानामा दरभाउपत्रदाताको आधिकारिक व्यक्तिको सहि र छाप अनिवार्य रुपमा हुनुपर्नेछ । साथै दरभाउपत्रदाताले पेश गर्ने सम्पूर्ण प्रमाणपत्रहरु नवीकरण भएको हुनुपर्ने र नोटरी पब्लिकबाट अनिवार्य रुपमा प्रमाणित गराई पेश गर्नुपर्ने छ ।

१०। यस सूचनामा उल्लेख भएकोमा यसै अनुसार र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ (संसोधन सहित) तथा सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन सहित) तथा प्रचलित कानून अनुसार हुनेछ । विस्तृत जानकारीका लागि रतुवामाई नगरकार्यपालिकाको कार्यालय, सिजुवा, मोरंगमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत
रतुवामाई नगर कार्यपालिकाको कार्यालय

Scanned with CamScanner